लिखु पिके गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौलाखर्क, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

पत्र संख्या: ०८२/०८३
चलानी नं.

लिखुपिके गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय चौलाखर्क, सोलुखुम्बु कोशी प्रदेश, नेपाल

मितिः २०८२।०८।०१

# प्रेस विज्ञप्ती

प्रस्तुत विषयमा **सोलुखुम्बु हाइड्रोपावर कम्पनी** (८२ मेगावाट)ले मिति २०८२/०७/२७ गते नेपाल धितोपत्र बोर्ड मार्फत प्रकाशित गरेको सूचना अनुसार सोलुखुम्बु जिल्लाको निश्चित भू-भागलाई मात्रै प्रभावित क्षेत्र भनि **प्रारम्भिक सार्वजनिक प्रस्ताव (IPO)** को आवेदन दिन पाउने सूचना प्रति लिखु पिके गाउँपालिकाको गम्भिर ध्यानाकर्षण भएको छ।

उक्त विषयमा यस गाउँ कार्यपालिकाको मिति २०८२/०७/३० गते बसेको कार्यपालिका बैठकको सर्वसम्मत निर्णय अनुसार सोलुखुम्बु जिल्लामा निर्माण सम्पन्न भएका बिगतका अन्य हाइड्रोपावरहरुले समेत सिंगो सोलुखुम्बु जिल्लालाई नै प्रभावित क्षेत्र भनि **प्रारम्भिक सार्वजनिक प्रस्ताव (IPO)** को आवेदन दिन पाउने व्यवस्था समेत रहेको अवगत गराउँदै **सोलुखुम्बु हाइड्रोपावर** कम्पनीले उक्त हाइड्रोपावरबाट प्रत्यक्ष असर पर्ने नेचासल्यान गाउँपालिका र वातावरणीय प्रभाव पर्ने सिंगो सोलुखुम्बु जिल्लाका सम्पूर्ण स्थानीय तहलाई नसमेटि अन्यायपूर्ण विभेद गरिएको हुँदा उक्त निर्णय तत्काल सच्याई सम्पूर्ण सोलुखुम्बु जिल्लालाई नै प्रभावित क्षेत्र कायम गरी पुनः सूचना प्रकाशन गर्न **सोलुखुम्बु हाइड्रोपावर, नेपाल धितोपत्र बोर्ड** र समन्वयकारी भूमिकाको लागि **जिल्ला प्रशासन कार्यालय,** सल्लेरी सोलुखुम्बु समक्ष जोडदार माग गर्दै यो प्रेस विज्ञप्ती जारी गर्दछौ।

मिना कार्की बस्नेत
अध्यक्ष